**श्री**

**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७५/०७६ सालको निर्णय नं. १९०**

**पुनरावेदन नं. ०७३-RB-००४८७**

नवलपरासी जिल्ला गैडाकोट -९ स्थित स्थायी लेखा नं.३०३३२७७५० का जय श्री फुड्स प्रा.लि.को अधिकार प्राप्त संचालक पवन कुमार अग्रवाल -------------१ } पुनरावेदक

विरुद्ध

आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन---------------------------------१ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग, काठमाडौ........................................................१

मुद्दाः-मूल्य अभिबृद्धि कर (आ. व.२०६९/०७०)

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ता श्री सिताराम अग्रवाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री टिकाराम भुसाल

शुरु कर्यालयको निर्णय मितिः–२०७२।०३।३१

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग

पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा

पुनरावलोकनको निर्णय मिति : २०७३।०३।०८

यसमा आन्तरिक राजस्व कार्यालय भरतपुर चितवन समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम यसै

न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**<u>मुद्दाको तथ्य :</u>**

१. करदाता जयश्री फुड्स प्रा.लि. को आ. व. २०६९/०७० को पूर्ण कर लेखा परिक्षण सम्पन्न भई पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २० बमोजिम मु.अ.कर, जरिवाना, व्याज र थप दस्तुर समेत जम्मा रु.१६,६४,३३३।०० को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७२।०३।३० मा जारी भएको रहेछ ।

२. करदाताका प्रतिनिधिले उक्त कर निर्धारण आदेश कानुनको म्यादभित्रै मिति २०७२।०३।३१ मा बुझिलिई सो को जवाफ मिति २०७२।०३।३१ मा पेश गरेका रहेछन ।

३. करदाताले पेश गरेको जवाफमा मु.अ.कर नलाग्ने कारोबार गरेको, उद्योगको भवन तथा कारखाना निर्माण गर्दा सम्भव भए सम्मका मु.अ.कर बिल लिई समान तथा सेवा खरिद गरेको हो । मु.अ.कर बिल प्राप्त नहुने सामान र सेवा (ज्याला) मा मु.अ.कर दाखिला गर्नु नपर्ने भइ सो समेतलाई समावेश गरी भवन निर्माणलाई पुँजिकरण गरेको भन्ने उल्लेख गरेको देखियो। करदाताले पुँजिकरण गरेको रकमको विवरण मगाई छानविन गर्दा उक्त भवन निर्माण कार्य अमानतमा गराएको देखिएकोले प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै रु.१६,६४,३३३।०० (सोह्र लाख चौसठ्ठी हजार तिन सय तेत्तिस रुपैया) नियमानुसार व्याज र थप दस्तुर समेत गणना गरी कर निर्धारण गर्ने भन्ने शुरु आन्तरिक राजस्व कार्यालय भरतपुर चितवनबाट मिति २०७२/३/३१ मा भएको निर्णय ।

४. आन्तरिक राजस्व कार्यालय भरतपुर, चितवनको मिति २०७२/३/३१ को निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७२।०५।१७ मा निवेदन दिएकोमा आन्तरिक राजस्व कार्यालयको कर निर्धारण आदेश कानूनसम्मत भएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३/३/८ को निर्णय ।

५. यस कम्पनीले उद्योग कारखाना निर्माण गरेको हो । व्यवसायिक प्रयोजनको भवन अपार्टमेन्ट र सपिङ कम्लेक्स निर्माण गरेको होइन । उद्योगको भवन र कारखाना मु.अ.कर ऐन २०५२ को अनुसुची १ भित्र कर नलाग्ने बस्तु भित्र रहेकोले मु.अ.कर ऐन, २०५२ को दफा ८(३) हाम्रो सन्दर्भमा आकर्षित हुने होइन । हामीले कर तिर्नु पर्दैन । मु.अ.करमा दर्ता नभएको तथा हुन नपर्ने यस प्रा.लि.लाई मु.अ.कर निर्धारण गर्दा

लागत बढी धारासाही हुने एवं  न्यायिक मनको प्रयोग नगरी मु.अ.कर, व्याज जरिवाना र थप दस्तुर समेत गणना गर्ने गरी भएको आन्तरिक राजस्व कार्यालय भरतपुर, चितवनको मिति २०७२/३/३१ को निर्णय र सो निर्णयलाई सदर गर्ने आन्तरिक राजस्व विभागको मिति २०७३/३/८ को निर्णय समेत बदर गरी कर, जरिवाना, थप दस्तुर र व्याज तिर्न नपर्ने गरी इन्साफ पाउँ भन्ने समेत करदाता जय श्री फुड्स प्रा.लि.को यस न्यायाधिकरणमा परेको पुनरावेदनपत्र ।

**ठहर**

६. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरियो ।

७. प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सिताराम अग्रवालले मूलतः पुनरावेदनपत्रमा उल्लेखित जिकिरहरुलाई नै आधार बनाई आ.व. २०६९।०७० को मूल्य अभिबृद्धि करको हकमा मिति २०७२।०३।३१ को निर्णयानुसार भएको अन्तिम कर निर्धारणको आदेश बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो ।

८. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले करदाताले मु.अ.कर करयोग्य खरिद वा निर्माणमा अमानतबाट गराई मु.अ.कर छली गरेको हुँदा शुरु कार्यालयको निर्णय मनासिव नै रहेकोले सदर हुनुपर्छ भन्ने वहस प्रस्तुत गर्नुभयो ।

९. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहाय अनुसार हुने देखियो ।

१०. पुनरावेदक कम्पनीको आ.ब.०६९/०७० मा भवन निर्माण तर्फ रु.५,४७,४६,४१७/५४ पुँजिकरण गरेको रकम मध्ये रु.७२,६३,८६२/७२ कर छुट खरिद गरेको पाइएकोले अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३)  बमोजिम सो रु.७२,६३,८६२/७२ को १३% ले हुने रकम रु.९,४४,३०२/- र जरिवाना व्याज र थप दस्तुर समेत गरी जम्मा रु.१६,६४,३३३/०० असुल गर्न कर निर्धारण गर्न भएको  निर्णय त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दाः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवस्था भए बमोजिम भवन वा अपार्टमेन्ट वा सपिङ्ग कम्प्लेक्स वा अन्य संरचना मूल्य अभिबृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण गरिएको भएता पनि दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ । यस दफामा

भएको व्यवस्था अनुसार कर दाखिला गर्नुपर्ने दायित्व यस्तो संरचनाको स्वामित्ववालाको भएकोमा कुनै विवाद छैन । तर यस्तो कर कुन अवधिमा दाखिला गर्ने भन्ने ऐन वा नियमावलीमा एकिन रुपमा व्यवस्था गरेको देखिंदैन । यसले गर्दा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसारको कर कहिले र कहाँ दाखिला गर्नु पर्ने भनी समयावधि नतोकिएको अवस्थामा करदाताले आफ्नो सुविधा अनुसारको समयमा दाखिला गर्न नपाउने भन्न मिल्ने देखिंदैन । सबै प्रकृतिका मू.अ.कर दाखिला गर्ने समयावधि तोकिएको भएता पनि उक्त समयमा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) अनुसारको मू.अ.कर कहिले दाखिला गर्ने भन्ने समयावधि तोकिएको देखिदैन । मू.अ.कर ऐन २०५२ को दफा ८(३) को व्यवस्थालाई व्याख्या र स्पष्ट गरी तथा कर दाखिला गर्ने समयावधि तोकी मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट परिपत्र जारी भएको देखिन्छ। सो परिपत्रलाई विभागको वेभसाइटमा राखिएको व्यहोराको सूचना मिति २०७३।१०।२१ को गोरखापत्र दैनिकमा प्रकाशन गरिएको देखिन्छ। कानूनत् दाखिला गर्नुपर्ने एकिन अवधि नै नतोकिएको अवस्थामा कर दाखिला गर्नुपर्ने दायित्व भएता पनि कर ढिलो बुझाएको भन्ने मानि करदातालाई जरिवाना वा व्याज वा थप दस्तुर बहन गर्न लगाउन कानूनत् मिल्ने देखिन आएन । तर यसै सम्बन्धमा मू.अ.कर प्रशासन गर्ने आन्तरिक राजस्व विभागबाट अन्तिम पटक मिति २०७०।७।३ मा दफा ८(३) मा भएको व्यवस्थालाई व्याख्या गरी सो अनुसार दाखिला गर्नुपर्ने मू.अ.कर दाखिला गर्नुपर्ने अवधि तोकेको देखिन्छ ।

११. पुनरावेदकले पुनरावेदन पत्रमा कम्पनीबाट भएको निर्माण कुनै अपार्टमेन्ट सपिङ कम्लेक्स वा व्यावसायिक प्रयोजनका लागी विक्री गर्ने उद्धेश्यले भएको होइन । कम्पनी र उद्योगको आवश्यकता र उद्धेश्य पुर्ती गर्न उद्योगको भवन र कारखाना निर्माण कार्य भएको हो । त्यस्तो निर्माण भएको उद्योग भवन कारखाना सन्दर्भमा मु.अ.कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुन सक्दैन । पुँजिकृत भएको मु.अ.कर नलाग्ने बस्तुको खरिद ज्याला लगायतको भुक्तानीमा समेत मु.अ.कर लगाउन मिल्ने होइन । बस्तु र सेवा नछुट्याइ मु.अ.कर लाग्ने र नलाग्ने नहेरी प्रस्तुत कर निर्धारणले अन्याय गरेको छ । मिति २०७०/७/०३ को परिपत्र अनुसार भनी कर निर्धारण भएको छ । पछीको परिपत्रले अघिको कर निर्धारण गर्न मिल्ने होइन भन्ने समेत जिकिर लिएको देखिन्छ । मू.अ.कर ऐन, २०५२ को दफा ८(३) मा रहेको कानूनी व्यवस्था हेर्दा भवन वा अपार्टमेन्ट वा सपिङ्ग कम्प्लेक्स वा अन्य संरचना मूल्य अभिबृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण गरिएको भएता पनि दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त व्यवस्थामा पुनरावेदकले जिकिर लिए जस्तो उद्योग र कारखानाको भवन लगायतका संरचना निर्माणमा मू.अ.कर

नलाग्ने भन्ने नभएकोले पुनरावेदकको जिकिर सँग सहमत हुन सकिएन । तसर्थः करदाताले निर्माण गरी पुँजिकरण गरेको रु.५,४७,४६,४१७/५४ मध्ये करयोग्य खरिद बाहेकको रु.७२,६३,८६२/७२ कर छुट खरिद गरेको पाइएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम सो रु.७२,६३,८६२/७२ को १३% ले हुने रकम रु.९,४४,३०२/- मु.अ.कर निर्धारण गरेको शुरु कार्यालयको निर्णय र सो हदसम्मको प्रशासकिय पुनरावलोकनको निर्णयलाई अन्यथा मान्नु पर्ने अवस्था देखिएन ।

१२. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको, दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१३. अतः माथी उल्लेखित आधार कारणबाट स्थायी लेखा नं.३०३३२७७५० भएका पुनरावेदक करदाताको आ.ब.२०६९/०७० को मुल्य अभिवृद्धिकर निर्धारणका सम्बन्धमा शुरु कार्यालयको मिति २०७२/३/३१ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३/३/८ मा भएको निर्णयमा मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मुल्य अभिवृद्धी कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता जय श्री फुड्स प्रा.लि. को आ.व. २०६९।०७० को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरू आन्तरिक

राजस्व कार्यालय भरतपुर चितवनले मिति २०७२।३।३१ मा गरेको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहऱ्याई फैसला भएकोले पुनरावेदक करदाताको सो हदसम्मको धरौटी रकम हिसाव गरी फिर्ता दिनु वा अर्को कर अवधिको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयमा लेखि पठाइदिनू...............................................................................१

प्रस्तुत फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू......२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ..........................................................................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>
विश्वराज कुइकेल (शाखा अधिकृत)
इति सम्वत् २०७६ साल असार महिना ०९ गते रोज २ शुभम् ..........................